रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
०७५-६९१०२५
०७५-६९२३८३
V9F8+RM


सूचना न: ३ कृषि/पशु सेवा शाखा

## "कृषि तथा पशु सेवा कार्यक्रम अन्तरगतका तपशिल बमोजिमका कार्यक्रमहरुको प्रस्ताव आह्वान सम्बन्धि सूचना "

प्रथम पटक प्रकाशित मिति २०७९/०८/१३

रैनादेवी छहरा गाउँपालिका गाउँ कार्यपालिकाको आ.व.२०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ५०% अनुदानमा तपसिल बमोजिमका कार्यक्रम संचालन गरिने भएकाले इच्छुक कृषकहरुलाई सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सम्बन्धित वडा कार्यालय वा कृषि/पशु सेवा शाखामा आवश्यक कागजात सहित कार्यालय समयमा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटको लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल :

| क्र.स | कार्यक्रमको नाम र विनियोजित बजेट | संचालन गर्न सकिने क्रियाकलाप | संलग्न गर्नुपर्ने कागजातहरु | अनुदानको मापदण्ड तथा सिमा |
|---|---|---|---|---|
| १ | माछा ,बंगुर र लोकल कुखुरा पालक कृषकलाई प्रोत्सान अनुदान कार्यक्रम - ५,००,००० | उन्नत नस्ल सुधार(माछाका भुरा खरिद ,बंगुर पाठापाठी बिर खरीद ,चल्ला खरिद ) , खोर ,पोखरी निर्माण,दाना खरिद | • निवेदन<br>• नागरिकता प्रमाण पत्रको प्रतिलिपि<br>• जग्गाको स्वामित्व देखिने प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा कम्तिमा ५ वर्षको भाडा सम्झौतानामा । | • नियमित रुपमा कम्तिमा ५ वटा बंगुर ,५० वटा लोकल कुखुरा र १/२ क्षेत्रफलमा पोखरी बनाइ माछा पालन गरेको हुनुपर्नेछ ।<br>• अनुदान ग्राहिले बिल भरपाई अनुसारको रकममा ५० % नबढ्ने गरि बढीमा १५००० हजार कुल (अक्षरुपी पन्ध्र हजार) रकम अनुदान प्राप्त गर्नेछन । |
| २ | बाख्रा प्रवर्धन -२,००,००० | बाख्रा पाठापाठी खरिद , उन्नत नश्ल सुधारको लागि माउ तथा बोका खरिद खोर निर्माण , आवश्यक सामग्री तथा दाना औषधी खरिद | • निवेदन<br>• नागरिकता प्रमाण पत्रको प्रतिलिपि<br>• समूह /सहकारी/फर्म दर्ता प्रमाण पत्र<br>• जग्गाको स्वामित्व देखिने प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा कम्तिमा ५ वर्षको भाडा सम्झौतानामा । | • कम्तिमा नियमित रुपमा २५ वटा बाख्रा पालन गरेको हुनुपर्ने<br>• अनुदान ग्राहिले बिल भरपाई अनुसारको रकममा ५० % नबढ्ने गरि बढीमा १५००० हजार कुल (अक्षरुपी पन्ध्र हजार) रकम अनुदान प्राप्त गर्नेछन । |

नि. प्रमुख प्रशासकीय अधिकृत

सूचना नः ३ कृषि/पशु सेवा शाखा

| | | | | |
|---|---|---|---|---|
| ३ | मागमा आधारित पशुपालन सामग्री चापकटर तथा दाना बनाउने मेशिन बितरण २,००,००० | | • निवेदन<br>• नागरिकता प्रमाण पत्रको प्रतिलिपि<br>• जगाको स्वामित्व देखिने प्रमाणपत्रको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा कम्तिमा ५ वर्षको भाडा सम्झौतानामा।<br>• कृषि समूह/कृषि सहकारीको हकमा दर्ता/नवीकरणको प्रमाण पत्रको प्रतिलिपि र कार्यक्रम माग साथै कार्यक्रममा सहभागी हुने कृषकहरु र क्षेत्रफल वा क्रियाकलाप प्रस्ट खुलेको निर्णयको प्रतिलिपि | • नियमित तथा व्यवसायिक रुपमा पशुपालन गर्दै आएका कृषक/कृषक समूह/कृषि फर्म/कृषि सहकारीहरु लाभान्वित हुन सक्नेछन ।<br>• कृषि तथा पशु सेवा सम्बन्धि कार्यकर्म कार्यान्वयनका लागी संक्षिप्त कार्यविधि २०७९ बमोजिम कार्यक्रम संचालन गरीनेछ |

पारस मणि पाण्डे
शाखा प्रमुख

लिलामणि बस्याल
निमित्त प्रमुख प्रसासकिय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

नोट : बिगत ३ वर्ष देखि कुनै पनि किसिमको (संघ ,प्रदेश र स्थानीय तहको )कार्यक्रममा अनुदान प्राप्त नगरेको कृषकहरुलाई प्राथमिकता दीईने छ |

मिति २०७९/..../......

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
रैनादेवी छहरा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
छहरा ,पाल्पा

विषय : आवेदन पेश गरेको सम्बन्धमा ।

प्रस्तुत विषयमा रैनादेवी छहरा गाउँपालिकाको आ.व.२०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मिति २०७९/०८/१३ गतेका दिन प्रकाशित सुचना बमोजिम रैनादेवी छहरा गाउँपालिका वडा नं ............बस्ने/ संचालित ..........................................................................................कृषक /फार्म/समुह /सहकारी लाइ ...........................................................कार्यक्रम आबश्यक परेको हुदा उक्त कार्यक्रममा सहभागी गराइदिनुहुन अनुरोध गर्दछु ।

निवेदक

नाम :

ठेगाना :

सम्पर्क नं

कृषक /फार्म /समुह /सहकारीको हकमा

सस्थाको नाम :

सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं :

सस्थाको छाप :